नेपाल सरकार

# नेपाल स्वास्थ्य अनुसन्धान परिषद्

स्थापित २०४७

पत्र संख्याः २०७७/७८

चलानी नं.: ५२१

## प्रेस नोट

नेपालमा कोभिड १९ बिरुद्धको भ्याक्सिनको Clinical Trials को छलफल र तयारीलाई लिएर विभिन्न सन्चारमाध्यममा आएका समाचारहरु र अस्प्रष्टताहरुप्रति नेपाल स्वास्थ्य अनुसन्धान परिषद्‌को गम्भीर ध्यानाकर्षण भएको छ । कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि विश्वका विभिन्न देशमा उत्पादित र अनुसन्धानरत एण्टिभाइरल औषधी (Remdesivir, Favipiravir आदी) र भ्याक्सिनको नेपालको हालको विषम परिस्थितीमा प्रयोगमा ल्याउनुपूर्व तिनको प्रभावकारीता सम्बन्धमा अनुसन्धान गर्नु आवश्यक देखिन्छ । परिषद् त्यसैको संभाव्यता अध्ययन गरिरहेको जानकारी गराउँछौ ।

हाल अक्सफोर्ड ग्रुपले उत्पादन गरेको भ्याक्सिन (chAdOx1 nCoV-19), रसियन भ्याक्सिन (Sputnik-v), छिमेकी मुलुक चीनमा उत्पादित भ्याक्सिन (Sinovac) लगायतका विश्वमा अनुसन्धानरत रहेका कोभिड १९ भ्याक्सिनको नेपाली जनसमुदायमा प्रभावकारीता र असरबारे अनुसन्धान गर्नेबारे छलफल भइरहेको भए पनि निर्णय भईसकेको छैन ।

विश्व समुदायमा भएको अनुसन्धानको स्थिती, नतिजा र प्रभावलाई मध्यनजर गरी नेपाल स्वास्थ्य अनुसन्धान परिषद्‌को निर्देशिका अनुसार Phase III Clinical Trials मात्र कार्यान्वयन हुने व्यवस्था छ । यस किसिमका कुनै पनि राष्ट्रियस्तरका अनुसन्धानहरु कार्यान्वयन गर्नुपूर्व यस अनुसन्धान परिषद्‌को आचारसंहिता बोर्ड (Ethical Review Board) को अनुमति अनिवार्य छ । सो परिक्षणका लागि परिषद् अहिले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, परराष्ट्र मन्त्रालय, औषधी व्यवस्था विभाग तथा सरोकारवाला स्वास्थ्य अनुसन्धान विज्ञ, संस्था र निकायसंग समन्वय गरी आवश्यक अनुसन्धानको तयारी र योजनामा रहेको छ ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्‌को कार्यक्षेत्र एण्टिभाइरल औषधी र भ्याक्सिनको अनुसन्धानको निर्णय लिने, अनुसन्धान गर्ने/गराउने र प्राप्त नतिजाका आधारमा नेपाल सरकारलाई सुझावहरु सिफारिस गर्ने भएको र Clinical Trials प्रक्रिया अगाडि बढेको तर समुदाय तहमा भ्याक्सिन प्रयोग (Mass vaccination) विषयमा निर्णय गर्ने बेला भई नसकेको कुरा प्रष्ट पार्न चाहन्छौ । परिषद् भ्याक्सिन अनुसन्धानबारे छिट्टै निर्णयमा पुग्ने छ भन्ने जानकारी गराउन चाहान्छौ । उक्त निर्णय बैज्ञानिक विधि/नियम प्रक्रिया पुऱ्याएर मात्र गरिनेछ । साथै, कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि अनुसन्धानरत औषधी र भ्याक्सिनको अनुसन्धानका विषयमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद् निरन्तर लागि परेको र सो को लागि सहयोग गर्नु हुन सम्पूर्ण सरोकारवाला निकायसंग आग्रह गर्दछौ ।

कोभिड १९ को महामारीको यस्तो संवेदनशील समयमा जनसमुदायमा सही सूचना प्रवाह गर्ने अहं दायित्व बोकेको आमसंचार क्षेत्रले वास्तविक तथ्य बुझेर मात्र समाचार प्रकाशन तथा प्रसारण गरिदिनुहुन हार्दिक आग्रह गर्दछौ । सहयोगका लागि धन्यवादसहित ।

१६ भदौ, ०७७

फोन नं.: +९७७-१-४२५४२२०, ४२२७४६०, फ्याक्सः +९७७-१-४२६२४६९, रामशाहपथ, पो.ब.नं.: ७६२६, काठमाडौं, नेपाल।

वेभसाईटः http://www.nhrc.gov.np, ईमेलः nhrc@nhrc.gov.np